# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३-०९-०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

-------------------------------------------------------

शारदा राष्ट्रिय निम्न माध्यामिक विद्यालय, जमुनी मधेपुरा, सप्तरीमा कार्यरत प्राथमिक शिक्षिका बिमला कुमारी यादवले नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी उक्त पदमा नियुक्ति भएकाले निजको शैक्षिक योग्यताको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुंदा निज बिमला कुमारी यादवले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले नक्कली शैक्षिक अध्यापन अनुमति पत्रको प्रमाण-पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज बिमला कुमारी यादवलाई भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता